# इनरुवा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३
# को वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य

**नगर सभाका सभाध्यक्षज्यू,**
**नगर सभाका सदस्यज्यूहरू।**

१. इनरुवा नगरपालिकाको उप-प्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस इनरुवा नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट यस गरीमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित एवम् उत्सुक छु ।

२. यस अवसरमा म नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, गणतन्त्र एवम् लोकतन्त्र, धर्म निरपेक्षता, समावेशीता, सामाजिक न्याय र समानताका लागि जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात महान शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतन्त्र प्राप्तिका विभिन्न आन्दोलनका क्रममा भएका घाइते र वेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु। साथै नेपालको राजनितिक परिवर्तन र नेपाली जनताको सुख समृद्धिका लागि संघर्ष गर्नुहुने महान नेपाली नागरीक र त्यसको सवल नेतृत्व प्रदान गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । त्यसैगरी नगर निर्माणमा तल्लिन इनरूवा नगरपालिका क्षेत्रका ऐतिहासिक र विशिष्ट महानुभावहरू, नागरिक समाजका अगुवाहरू, बुद्धिजिवी, मानवअधिकार कर्मी, पत्रकारहरु, कर्मचारीहरु, संघर्ष र त्यागमा समर्पित अभियन्ताहरू तथा आम नगरवासीहरू प्रति हार्दिक सम्मान प्रकट गर्दछु।

३. आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको वर्तमान संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो बिकासका लक्ष्य, सोह्रौं आवधिक योजनाका उद्देश्य, प्राथमिकता तथा रणनीति, इनरुवा नगरपालिकाको प्रथम आवधिक योजनाका उद्देश्य, प्राथमिकता तथा रणनीति, इनरूवा नगरपालिकाको

वस्तुगत अवस्था, विभिन्न राजनितिक दल, संघ संस्था तथा नागरिक समाजका प्रतिनिधिहरूबाट प्राप्त सुझावहरूलाई गम्भिरतापूर्वक ध्यान दिने प्रयत्न गरेको छु ।

४. इनरूवा नगरका आफ्नै खाले विशिष्टता र विविधताहरू छन् । त्यस्तो विशिष्टता र विविधतालाई सन्तुलित ढंगले व्यवस्थापन गर्नु पर्दछ । एकातिर नगरको खास क्षेत्रमा सघन शहरी विकासले गति लिई रहेकोछ भने अर्कोतिर धेरै वडाको भूगोल आज पनि ग्रामिण परिवेश अनुरूप रहेको छ । उक्त अवस्थालाई मध्यनजर गरी बार्षिक नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्थाप्रति म संवेदनशिल र गंभिर रहेको ब्यहोरा निवेदन गर्न चाहन्छु ।

**आदरणिय नगरसभाका अध्यक्ष ज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

**५. अब म आर्थिक वर्ष २०८०/०८१ को आय र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्ष २०८१/०८२ को समिक्षा सहित आय र व्ययको संशोधित अनुमान संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमती चाहन्छुः-**

- आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आय रकम रु.७६ करोड २४ लाख ९१ हजार ४ सय ७२ पैसा १८ र व्यय तर्फ रकम रु.६८ करोड ९८ लाख १८ हजार ३ सय पैसा ९४
- चालु आर्थिक वर्ष २०८१/०८२ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्रक्षेपित राजश्व संकलन हुन नसकेकोले नगरपालिकालाई प्राप्त हुने वित्तिय समानिकरण अनुदान रकम रु.१ करोड ४२ लाख र राजश्व बाँडफाँडबाट प्राप्त हुने अनुदान करिव रकम रु. १ करोड ९३ लाख कटौति भएको छ । फलस्वरूप चालु आ.व.मा विनियोजन भएका केहि महत्वपूर्ण योजना तथा कार्यक्रमहरू वजेट अभावको कारणले संचालन/भुक्तानी हुन नसकेको व्यहोरा अनुरोध छ ।
- चालु आ.व.मा आन्तरिक राजश्व वृद्धि गर्न नगर सभाले लिएका विभिन्न नीतिहरुलाई तदारुपताका साथ कार्यान्वयनमा ल्याउनका साथै डोर टू डोर

अभियान समेत संचालन गरी आन्तरिक राजश्व संकलनको लक्ष्य प्राप्ती नजिक पुगेको व्यहोरा अनुरोध छ । हालसम्म संकलन भएको कुल आन्तरिक राजश्व रकम रु. ८ करोड २८ लाख ७६ हजार ४३८ पैसा १५ रहेको छ ।

- संघिय सरकार र प्रदेश सरकारवाट हुने वित्तिय हस्तान्तरणको रकम कटौतिका बाबजुद पूर्वाधार विकास तर्फ विभिन्न वडामा कालोपत्रे सडक निर्माण ५ किलोमिटर, ग्राभेल सडक निर्माण ५ किलो मिटर, RCC सडक २ किलो मिटर, इन्टरलक टायल बाटो निर्माण २८३ मिटर, नाला निर्माण १.५ किलो मिटर, वडा नं. ४ को वडा कार्यालय भवन, १ वटा स्वास्थ्य चौकी भवन, १ वटा झोलुङ्गे पुल (ट्रस ब्रिज) निर्माण हुनका साथै केहि योजना सम्पन्न हुने क्रममा रहेका छन ।
- साथै नगरको गौरवको रूपमा संचालित आयोजनाहरू शिव मन्दिर, दुर्गा मन्दिर निर्माणमा रकम निकासा गरी निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- इनरुवा नगरपालिकाको जटिल समस्याको रुपमा रहेको फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । दैनिक रुपमा सडक सरसफाई गर्ने र ५ वटा ट्याक्टर प्रयोग गरी फोहोर संकलन गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ । यसका साथै प्रत्येक शनिवार सरसफाई कर्मीहरुलाई प्रयोग गरी विभिन्न सडक तथा सार्वजनिक स्थलहरुको विशेष सरसफाई गर्ने गरिएको छ ।
- इनरुवा नगर क्षेत्रको फोहोरमैलालाई अन्तिम विसर्जन गर्ने स्थलको रुपमा इनरुवा ८ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा विभिन्न संरचना निर्माण गर्नुका साथै मेसिन र कर्मचारीहरु सहित व्यवस्थित गरी श्रोत पुनःप्राप्ती केन्द्रको रुपमा संचालनमा ल्याईएको छ ।
- फोहोरबाट मोहोर भन्ने नीतिलाई सार्थकता दिन उक्त केन्द्रमा दैनिक संकलन हुने फोहोर मध्ये कुहिने फोहोरबाट प्राङ्गगारिक मल (धुलो र झोल मल) तयार गरी किसानहरुलाई वितरण गरिएको छ । यसबाट कृषि उत्पादनमा सकारात्मक प्रभाव परेको छ । त्यस्तै, नकुहिने फोहोरहरुलाई विभिन्न किसिममा छुटयाई उक्त सामाग्रीहरु विक्रि गरि हाल सम्म करिब ५ लाख रुपैया भन्दा बढीको आम्दानी गरिएको छ ।
- श्रोत पुनःप्राप्ती केन्द्र नजिकका ७८ घरपरिवारको निशुल्क स्वास्थ्य विमा गरिएको छ ।

- वडा कार्यालय र स्वास्थ्य संस्थाबाट नियमित सेवा प्रवाहको व्यवस्था मिलाईएको छ ।
- इनरुवा नगरपालिकाको समग्र विकासको लागि प्राथमिकता सहितको आवधिक योजनालाई कार्यान्वयनमा ल्याईएको छ । साथै मध्यमकालीन खर्च संरचना, आन्तरिक नियन्त्रण प्रणाली, क्षमता विकास योजना, खरिद गुरुयोजना आदि तयार गरीएको छ ।
- सामुदायीक विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि ९ वटा  विद्यालयमा भवन निर्माण/मर्मत, गेट निर्माण तथा टिनको छाना फेर्ने लगायतको कार्य सम्पन्न हुनका साथै केहि योजना निर्माण सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।
- नगरपालिकाको शिक्षा ऐन बमोजिम इनरुवामा पहिलो पटक खुल्ला प्रतिस्पर्धा मार्फत सामुदायीक विद्यालयको प्र.अ. छनौट गर्ने कार्यको सुरुवात गरिएको छ । आधारभूत तह कक्षा १ देखि ५ सम्मको प्र.अ.को नतिजा प्रकाशन गरिसकिएको छ भने अन्यको नितिजा तयारीको चरणमा रहेको छ ।
- त्यसै गरी सामाजिक विकास तर्फ घरदेखि घाटसम्म कार्यक्रमलाई विशेष प्राथमिकताको साथ संचालन गरी नगर क्षेत्रका करिव १५२ दलित तथा अति विपन्न परिवारलाई दाहासंस्कार तथा किरिया खर्च उपलब्ध गराईएको छ ।
- नगरपालिकामा संचालित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता पहिचान भएका २० जना भन्दा बढीको इनरुवा, इटहरी, विराटनगर र २ जनालाई अपाङ्गता बाल अस्पताल काभ्रेमा स्वास्थ्य उपचार गराई कस्टकर दैनिकिलाई सहज बनाउने प्रयत्न गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिम Wheel Chair, toilet chair लगायतको सहायक सामाग्री उपलब्ध गराईदै आएको छ ।
- अपाङ्गता भएका २० जना बालबालिकालाई विद्यालय भर्ना गराई आवश्यक शैक्षिक सामाग्री समेत उपलब्ध गराइएको छ।
- नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि आवश्यक औषधि खरिद गरिएको छ । साथै नगरपालिकाका ० देखि ५९ महिना सम्मका सबै बालबालबालिकाहरुले खोप लगाएको सुनिश्चितता गरी पूर्णखोप तथा दिगोपना घोषणा गरिएको छ ।
- आधारभुत फिजियोथेरापी केन्द्र, इनरुवा ५ मा प्रत्येक हप्ताको आइतवार र बुधबार फिजियोथेरापिस्टबाट फिजियोथेरापी सेवा उपलब्ध गराउदै आइएकोमा हालसम्म ९२ जना व्यक्तिहरुले ६५० पटक सेवा लिनु भएको छ ।

- प्रत्येक महिनाको १ पटक ११ वटै स्वास्थ्य संस्थामा पोर्टेबल अल्ट्रासाउण्ड मेसिनको सहयोगमा ८७० जना गर्भवती महिलाहरुलाई भिडियो x-ray सेवा उपलब्ध गराईएको छ ।
- सुशासन तथा संस्थागत विकास तर्फ चालु आर्थिक वर्षको पहिलो र दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ । दोस्रो चौमासिक सार्वजनिक सुनुवाई तथा आ.व. २०८२/०८३ का लागि योजना तर्जुमा गोष्ठी १० वटै वडामा संचालन गरी करिब १००० भन्दा बढी नागरिकहरुको सहभागितामा सल्लाह सुझाव लिईएको छ ।
- डिजिटल नेपाल फ्रेमवर्कलाई सार्थक बनाउने उद्देश्यले इनरुवा नगरपालिका वडा नं. १,२,३ र ५ मा रहेका घरधुरीहरुमा म्याट्रिक्स विधिबाट डिजिटल हाउस नम्बरिङ्ग जडान तथा विवरण संकलन गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।
- नगरपालिकाले स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरू नगरपालिकाको वेवसाईट, सूचना पाटी, फेसबुक पेज, विभिन्न पत्रपत्रिका, एफ.एम. रेडियो र माईकिङ मार्फत सार्वजनिक गर्ने गरिएको छ ।
- नगर क्षेत्रको शान्तिसुरक्षाको लागि बजार क्षेत्रमा सिसिटिभि क्यामेरा जडान गरी नियमित मर्मत सम्भारको व्यवस्था गरिएको छ ।
- नगरपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुमा साझा र एकीकृत प्रणाली विकास गरी office automation software (अनलाईन दर्ता चलानी) प्रयोगलाई निरन्तरता दिईएको छ ।
- नगरपालिकाले कार्य सम्पादन गर्ने क्रममा आएका कानूनी जटिलता हटाउन चालु आ.व. मा ३ वटा ऐन, १ वटा नियमावली, ४ वटा कार्यविधि र १ वटा निर्देशिका स्वीकृत गरि कार्यान्वयनमा ल्याईएको छ ।
- न्यायीक समितिमा परेका १४८ वटा मुद्दा तथा उजुरीहरु मध्ये ११० वटा मिलापत्र तथा निर्णयको माध्यमबाट निरूपण गरिएको छ ।
- युवाहरुलाई सरकारी सेवामा प्रवेश गर्न सहयोग गर्ने उद्देश्यले लोकसेवा तयारी कक्षा संचालन गरिएको छ ।
- अपाङ्गता भएका, दलित तथा अति विपन्न परिवारहरुका लागि लागत साझेदारीमा रकम रु.२२ लाख बराबरको स्वास्थ्य विमा गरिएको छ ।

- धर्म संस्कृती जगेर्नाका लागि पुजा आजा, तिज, जितिया, करमा धरमा, मोहरम, इद, बकरइद जस्ता धार्मिक कार्यहरु मनाउन समुदाय स्तरमा सहकार्य गरिएको छ ।
- चाडपर्वको समयमा आयोजना भएका विभिन्न साँस्कृतिक कार्यक्रमहरुमा लागत साझेदारी गरिएको छ ।
- ६६३७ जना लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापत रकम रु.२४ करोड ४७ लाख ४४ हजार १ सय ९६ रुपैयाँ त्रैमासिक रुपमा समयमै बैंक मार्फत वितरण गरिएको छ । साथै १६३ जना दीर्घ रोगीहरुलाई नियमित रुपमा औषधी उपचार खर्च उपलब्ध गराइएको छ ।
- आर्थिक विकास तर्फ कृषि अधिकृत र पशु चिकित्सक नियुक्ति गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाईएको छ । किसान सूचीकरण कार्यविधि अनुसार वडा नं. १, ३, र ५ का किसानहरूको विवरण संकलन गरिएको छ । साथै किसानहरुको आवश्यकता बमोजिम लागत साझेदारीमा कृषि सामाग्रीहरु वितरण गर्न किसानहरु छनोट गरिएको छ।
- किसानको २५% लागत साझेदारीमा ५० जना सिचाईका लागि बोरिङ्ग वितरण कार्य अन्तिम चरणमा रहेको । साथै ५० प्रतिशत अनुदानमा ११.७ मेट्रिक्टन गहुँको बिउ र १२.२ मेट्रिक्टन धानको बिउ वितरण गरिएको छ ।
- इनरुवा ९ बवियामा रहेको पशु सेवा केन्द्रलाई व्यवस्थित गर्न कम्पाउण्ड वाल लगाइएको, पशु उपचार गर्ने स्थल निर्माण गरिएको छ । साथै आधारभुत प्रयोगशाला स्थापना गरी नियमित उपचार तथा रोग निदान र कृतिम गर्भाधान गर्ने कार्य गरिएको छ ।
  - इनरुवा नगर क्षेत्रका करिब १८००० पशुहरु मा खोरेत बिरुद्ध खोप लगाइएको छ । साथै खोप सेवा हाल पनि संचालनमा रहेको छ ।
- रेविज रोग नियन्त्रणका लागि ४०० वटा कुकुरलाई रेविज विरुद्दको खोप लगाइएको र २०० वटा सामुदायीक कुकुर बन्ध्याकरण गरिएको छ।
- पशुहरुमा लाग्ने महामारी लम्पि स्किन रोग नियन्त्रण गरिएको छ ।
- नगर क्षेत्रमा रहका सहकारीहरुलाई जिम्मेवार र व्यवस्थित बनाउन नगर सहकारी विकास बोर्ड गठन गरिएको छ ।
- लघु उद्यम विकास कार्यक्रम मार्फत गरिव तथा विपन्न परिवारको आवश्यकताको आधारमा ६० जना नयाँ उद्यमीहरूलाई आयमुलक सिप सिकाई विभिन्न प्रविधि तथा सामाग्रीहरू हस्तान्तरण गरि जिविकोपार्जनमा टेवा पुर्याईएको

छ । (२५ जना सिलाई कटाई तालिम, २४ जना व्युटी पार्लर, ३ जना एसि/फ्रिज मर्मत, २ जना कुखुरा पालन, १ जना कागतको प्लेट, १ जना माटोको भाडा, ३ जना अगरवत्ती तालिम र १ जना भिडियो मिक्सिङ्ग तालिम संचालन)

- विपद् व्यवस्थापनको लागि सबै वडाहरूको ढल, नाला, कुलो तथा पैनीहरू सरसफाई गरी सम्भावित बाढीको जोखिमलाई न्यूनीकरण गरिएको छ ।
- सुरक्षीत आप्रवासन कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा रहेको आप्रवासी सूचना केन्द्रबाट ९ हजार ९ सय ७१ जनालाई परामर्श तथा सूचना प्रदान गरिएको छ। वैदेशिक रोगजारीको क्रममा भएको ठगी तथा मृत्यु पश्चात नेपाल सरकारबाट प्राप्त हुने रकम रु. १ करोड ४५ लाख ८ हजार ५०० असुल उपर गरी पिडितलाई क्षतिपूर्ति उपलब्ध गराईएको छ ।
- वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवार मध्ये ३४ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ । साथै ५० जनालाई वित्तीय साक्षरता सम्बन्धी तालिम प्रदान गरिएको छ ।रिटर्नी स्वंसेवकहरुले घरधुरीमा पुगी ४१२५ जनालाई सूचना दिएकाछन् ।
- वैदेशिक रोजगारमा जान चाहने २०२ जना व्यक्तिहरुलाई अनलाइन श्रम स्वीकृतिको लागि आवश्यक सहजीकरण गरिएको छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत खानेपानीको लागि पाइपलाइन विस्तार, कृषि बाटो निर्माण, नाला तथा कुलो सरसफाई लगायतको योजनाहरु संचालन गरी नगर क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरिएको छ ।
- नेपाली सेनाको प्राविधिक सहयोगमा इनरुवा नगरपालिका क्षेत्रका ९५ जना युवाहरुलाई विपद् व्यवस्थापनको समयमा First responder को रुपमा कार्य गर्न ४ दिने सामुदायीक विपद् प्रतिकार्य तालिम प्रदान गरिएको छ ।
- चालु आ.व. को २०८२ असार ८ गतेसम्म देहाय बमोजिमको आम्दानी र खर्च भएको छ ।

**<u>देहायः</u>**

| क्र.स. | आम्दानी शिर्षक | प्रस्तावित आय | २०८२ असार ८ गते सम्म प्राप्त आम्दानी |
|---|---|---|---|
| १ | संघीय सरकार | ४८ करोड १० लाख २१ हजार | ४४ करोड १८ लाख २१ हजार ६९२ |
| २ | प्रदेश सरकार | ४ करोड ६९ लाख २६ | ४ करोड १ लाख २२ हजार ५५९ |

| | | | |
|---|---|---|---|
| | | हजार | पैसा ९० |
| ३ | राजश्व बाँडफाँड (संघ र प्रदेश) | १६ करोड ८५ लाख २६ हजार | १४ करोड ५१ लाख ७ हजार १६७ पैसा ७१ |
| ४ | आन्तरिक श्रोत (बैंक मौजदात सहित) | २४ करोड ५७ लाख ३ हजार ९४ पैसा ६९ | १८ करोड ३९ लाख ९४ हजार ५९४ पैसा २५ |
| **जम्मा आम्दानी** | | | **८१ करोड १० लाख ४६ हजार १३ पैसा ८६** |

**<u>देहायः</u>**

| **क्र.स.** | **खर्च शिर्षक** | **प्रस्तावित खर्च** | **२०८२ असार ८ गतेसम्म भएको खर्च** |
|---|---|---|---|
| १ | चालु खर्च | ५९ करोड ५९ लाख ३२ हजार ८२९ पैसा ४९ | ४३ करोड १२ हजार ८४२ पैसा २३ |
| २ | पुँजिगत खर्च | ३४ करोड ६२ लाख ४३ हजार २६५ पैसा २० | १४ करोड ३१ लाख २३ हजार २३९ पैसा ९७ |
| **जम्मा खर्च** | | | **५७ करोड ३१ लाख ३६ हजार ८२ पैसा २०** |

- संघ सरकार र प्रदेश सरकारबाट शसर्त अनुदानको थप योजनाहरु प्राप्त भई कार्यान्वयनको चरणमा रहेको छ ।
- यसरी आ.व. २०८१/०८२ को वार्षिक संशोधित बजेट रु. ९४ करोड २१ लाख ७६ हजार ९४ पैसा ६९ अनुमान गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**६. अब म आर्थिक बर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु-**

- नगरवासीमा न्युनतम भौतिक र मानवीय सेवा पुर्याउने ।
- नगरको शैक्षिक गुणस्तर सुधार गर्ने ।

- नगरक्षेत्रमा व्यापारिक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सुदृढ व्यवस्थित गरी आर्थिक कृयाकलाप बिस्तार गर्ने ।
- उपलव्ध स्रोत साधनको उचित सदुपयोग प्राथमिकता क्षेत्र निर्धारण गरी आर्थिक समृद्धि हासिल गर्ने ।
- सामाजिक समावेशीकरण तथा सन्तुलित विकास गर्ने ।
- सुशासन प्रवर्द्धन गर्ने ।

**७. त्यसैगरी अब म आर्थिक वर्ष २०८२।०८३ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नगरपालिकाको मापदण्ड अनुरूपको भौतिक पूर्वाधारको विकास एवम् नितिगत सुधार ।
- शैक्षिक क्षेत्रलाई गुणस्तरीय एवम् प्रविधिमैत्री बनाउने ।
- नगर क्षेत्रको आधारभुत पूर्वाधार निर्माण ।
- फोहोरमैला व्यवस्थापन, प्रकोप न्यूनीकरण तथा वातावरण संरक्षण ।
- व्यवसायिक कृषि, पशुपालन तथा आय आर्जनका कृयाकलापहरूको बिस्तार ।
- संस्थागत क्षमता अभिवृद्धिका लागि जनशक्ति विकास तथा सेवा प्रवाहको लागि आधारभूत पूर्वाधार निर्माण ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा आय व्ययको अनुमानित बजेट प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

- संघीय समानिकरण अनुदान रु. १६ करोड ५० लाख , संघीय शसर्त अनुदान चालु रु. ३० करोड ६० लाख, संघीय समपुरक अनुदान अनुदान रु. ३ करोड ६ लाख, प्रदेश समानिकरण अनुदान रु.१ करोड ६० लाख ४२ हजार, प्रदेश समपुरक अनुदान रु. ८० लाख, प्रदेश शसर्त अनुदान रु. १ करोड ६७ लाख २४ हजार, संघीय राजश्व बाँडफाट रु. १२ करोड ४८ लाख ५७ हजार ९१५, प्रदेश राजश्व बाँडफाट (सवारी कर) रु. १ करोड १२ लाख ४४ हजार र मालपोत रजिस्ट्रेशन शुल्क, अन्य राजश्व सहितको आन्तरिक श्रोत रु. १० करोड ६२ लाख ४५ हजार गरी आ.व. २०८२/०८३ को कुल अनुमानीत आय रकम रु. ७९ करोड ५९ लाख १२ हजार ९१५ अनुमान पेश गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म क्षेत्रगत रूपमा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## पूर्वाधार विकासः

८. आगामी आर्थिक वर्षमा भौतिक पूर्वाधार निर्माणलाई विशेष प्राथमिकतामा राखि सशर्त अनुदान बाहेक नगरपालिकालाई संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र आन्तिक राजश्वको ४०% ले हुन आउने रकम १६ करोड ९३ लाख ५५ हजार ५ सय ६६ रुपैयाँ भौतिक पूर्वाधार क्षेत्रमा विनियोजन गरेको छु । जसमध्ये वडाको भौतिक पूर्वाधार निर्माणमा रकम रु. ९ करोड विनियोजन गरेको छु ।

९. नगर गौरबको क्रमागत आयोजनाको रुपमा संचालित "इनरुवा १ र ५ को सिमाना नहरदेखि रामचरित्र मेहताको घर हुँदै तारानन्द मेहताको घरसम्म जाने ढलसहित कालोपत्रे सडक निर्माण गर्ने कार्य" का लागि संघीय समपूरक अनुदान र इनरुवा नगरपालिकाको लागत साझेदारीमा जम्मा रकम रु. ४ करोड ३४ लाख विनियोजन गरेको छु ।

१०. इनरुवा वडा नं. ८ लाई नगरको केन्द्र सम्म जोड्ने नगर गौरबको आयोजना "कंशमडानदेखि बंकुल्वा जोड्ने सडक कालोपत्रे गर्ने कार्य, इनरुवा ८" का लागि संघीय समपूरक अनुदान र इनरुवा नगरपालिकाको लागत साझेदारीमा जम्मा रकम रु. २ करोड २२ लाख ५० हजार विनियोजन गरेको छु ।

११. इनरूवा नगरपालिकासँग संविधान र कानूनले दिएका अधिकार प्रयोग गरी नगरपलिकाको प्रशासनिक एवम् सेवा प्रवाहको कार्यलाई सहज र सरल ढंगले सम्पादन गर्न आफ्नै पर्याप्त प्रशासनिक भवन तथा वडा समितिको कार्यालय भवनको अभाव छ, त्यसलाई पुरा गर्न लागि आवश्यक कदम चाल्न जरूरी छ । वडा कार्यालय भवन निर्माण गर्न (वडा नं. १,६,७,९ र १०) का लागि कोशी प्रदेश सरकार र इनरुवा नगरपालिकाको लागत साझेदारीमा जम्मा रकम रु.२ करोड विनियोजन गरेको छु ।

१२. राष्ट्रिय भवन संहिताको कार्यान्वयन प्रक्रियालाई थप प्रभावकारी बनाइने छ । नगर क्षेत्रमा घर निर्माण गर्दा प्रत्येक घरमा fire extinguisher राखेको र कम्तिमा २ वटा विरुवा रोपेको सुनिश्चितता गरेर मात्र निर्माण सम्पन्न दिने नीति लिइएको छ ।

१३. नगरका सडकहरूको नियमित सञ्चालन र मर्मत संभारको लागि मर्मत संभार कोषको परिचालनलाई अनिवार्य गर्ने नीति लागू गरिएको छ ।

१४. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।

१५. इनरुवा नगरपालिका क्षेत्रको फोहोरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि सार्वजनिक नीजि साझेदारी अवधारणालाई अवलम्बन गर्ने नीति लिईएको छ ।

**सामाजिक विकासः**

१६. मानव विकास सूचकाङ्कको प्रमुख पक्षको रुपमा रहेको सामाजिक विकासलाई प्राथमिकतामा राखी बाँडफाँड योग्य बजेटको १०% ले हुन आउने रकम रु.४ करोड २३ लाख ३८ हजार ८९२ विनियोजन गरेको छु । जस मध्ये वडा तर्फको सामाजिक विकासका लागि रकम रु.१ करोड विनियोजन गरेको छु ।

**शिक्षाः**

१७. सामुदायीक विद्यालयमा भौतिक सुविधा विस्तार कार्यक्रमलाई आवश्यकता र सूचकांकको आधारमा व्यवस्थित गरिने छ । समग्र शैक्षिक सुधारका लागि नगरपालिकाको शिक्षा ऐन बमोजिम चालु आ.व.मा सुरुवात गरिएको खुल्ला प्रतिस्पर्धाको माध्यमबाट प्र.अ. छनौट प्रक्रिया पुरा गर्ने र शिक्षकहरुको दरबन्दी मिलान गरिनेछ ।

**स्वास्थ्यः**

१८. इनरुवा ८ मा रहेको आधारभूत स्वास्थ्य केन्द्र र इनरुवा ७ मा रहेको चाँदवेला स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर व्यवस्थापनका लागि संघीय विषेश अनुदानबाट रकम रु.१ करोड १२ लाख विनियोजन गरेको छु ।

१९. इनरुवा नगरपालिका कार्यालयबाट गरीब, विपन्न, रोगी, दिर्घरोगी, असहाय, असक्त एवम् अपांगहरूलाई वितरण गरिने नगद आर्थिक सहयोगको सट्टामा त्यस्ता व्यक्तिहरूको नेपाल सरकारले व्यवस्था गरेको वार्षिक उपचार बीमा गरिने व्यवस्था मिलाईनेछ । दलित, अपांग, विपन्न तथा गरिब परिवारको स्वास्थ्य सुरक्षाको लागि नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमबाट स्वास्थ्य बीमा गराउन आवश्यक व्यवस्था गरेको छु ।

२०. महिला स्वास्थ्य स्वंयसेविका मार्फत दिर्घरोगी नगरवासीहरूको घरघर सम्म निशुल्क औषधि पुर्याउने व्यवस्था मिलाईनेछ ।

२१. गर्भवती महिलाहरूको नियमित स्वास्थ्य जाँचको लागि सबै वडाहरूमा पोर्टेवल भिडियो X-Ray सहितको सेवा संचालनलाई निरन्तरता दिएको छु ।

२२. विद्यालयका छात्राहरूको स्वास्थ्य सुरक्षाको लागि निशुल्क स्यानेटरी प्याड उपलब्ध गराउने कार्यलाई निरन्तरता दिएको छु ।

**लक्षित वर्गः**

२३. वैदेसिक रोजगारमा जाने युवाहरूलाई आवश्यक प्राविधिक सिप विकासका तालिमहरू संचालन गर्नुका साथै निजहरूको परिवारलाई वित्तिय साक्षरता तालिम समेत प्रदान गरिनेछ । साथै विदेशबाट फर्किएर आएका युवाहरूलाई रोजगारको अवसर सिर्जना गरी कामकाजमा लगाईनेछ ।

२४. नगरवासीको मृत्यु हुँदा घाट सम्म पुर्याउन निशुल्क सव-बहानको व्यवस्था गरिनेछ । साथै दलित तथा अति विपन्न परिवारको मृत्यु भएमा दाहासंस्कार खर्च बापत प्रति परिवार १० हजार उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने आवश्यक बजेट व्यवस्था गरेको छु ।

२५. इनरुवा नगरपालिकालाई कार्य क्षेत्र बनाई कामकाज गर्दै आएका सामाजिक संघ संस्थासंग सहकार्य गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु र युवाहरुको सशक्तीकरण एवम् क्षमता विकास गरिनेछ ।

२६. खेलमैदान इनरुवा १ लाई व्यवस्थापन गरी खेलकुद गतिविधि संचालन गरिनेछ । युवाहरुलाई खेलकुदमा आकर्षित गर्न समय समयमा विभिन्न खेलकुदका क्रियाकलापहरु संचालन गरिनेछ । साथै दक्ष खेलाडि उत्पादनका लागि खेल प्रशिक्षक नियुक्ति गरी नियमित प्रशिक्षणको व्यवस्था मिलाईनेछ ।

**धर्मसंस्कृती जगेर्नाः**

२७. धार्मिक मठ, मन्दिर, मस्जिद आदिको संरक्षण तथा सम्बर्द्धनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**आर्थिक विकासः**

**कृषि तथा पशु विकासः**

२८. नगरको मुख्य खाधान्न वालीहरू (धान, मकै, गहुँ, केराखेति, तोरी, दाल, जुट आदि) को वीज वृद्धि कार्यक्रम प्रभावकारी ढंगबाट सञ्चालन गरी गुणस्तरिय विऊ उत्पादनमा नगरलाई आत्मनिर्भर बनाउदै अन्य क्षेत्रका लागि समेत स्रोत केन्द्रको रूपमा विकास गर्दै लगिनेछ । साथै वीउ, बिजनका अतिरिक्त मल र कृषी

सामाग्रीहरू समेत समयमै कृषकहरूलाई उपलव्ध गराउन विशेष सजगता अपनाइनेछ ।

२९. कृषक र कृषि क्षेत्रले समस्या, आवश्यकता र चाहनाको वस्तुपरक आंकलन गरी उपयुक्त परिणाममुखी कार्यक्रम तर्जुमा गर्न कृषक समुहहरूको गठन परिचालनलाई जोड दिईनेछ ।

३०. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभका क्षेत्र र नगरको विशिष्ठ अवस्था समेतलाई अवसरको रूपमा उपयोग गर्दै कृषि क्षेत्रको व्यवसायिकरण र विविधिकरण गरी नगरको खाध सुरक्षाको अवस्था प्रबर्द्धन गर्नका साथै रोजगारीका अवसरहरू श्रृजना गरिनेछ ।

३१. पशु सेवा केन्द्र बबियामा पशु चिकित्सक सहितको प्राविधिक कर्मचारीहरु खटाई सेवा संचालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण तथा सामाग्री व्यवस्थापन गरिएको छ ।

३२. कृषि उपजलाई आधुनिकिकरण गर्दै बजारको मागलाई पूर्ति गर्न कृषकहरूलाई लागत साझेदारीमा विभिन्न क्षेत्रमा अनुदान दिन आवश्यक बजेट व्यवस्था मिलाइएको छ ।

३३. कृषि विद्युतिकरण कार्यलाई निरन्तरता दिईनेछ ।

**<u>सहकारी तथा वित्तिय सेवाः</u>**

३४. लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउन नयाँ लघु उद्यमी सृजना तथा पुराना लघु उद्यमीहरूको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु । साथै गरिबी निवारणको लागि ग्रामीण भेगका घरेलु तथा स-साना उद्योगीहरूको समुह गठन गरी विऊ पुँजि उपलब्ध गराई व्यवसाय प्रवद्धन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

३५. सहकारी वृत्ति विकास तथा अनिवार्य कोपोमिस सिस्टममा आवद्ध गराउन आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरेको छु ।

**<u>कार्यालय संचालन तथा प्रशासनीक खर्चः-</u>**

३६. नगरपालिकामा कार्यरत कर्मचारी तथा जनप्रतिनिधीहरुको पारिश्रमिक, सेवा, सुविधा तथा दैनिक सेवा प्रवाह व्यवस्थापनका लागि कुल बाँडफाँड योग्य बजेटको ४८% ले हुन आउने रकम रू.२० करोड ३२ लाख २६ हजार ६७९ विनियोजन गरेको छु । जसमध्ये वडाको कार्यालय संचालन खर्चको लागि रकम रु. १ करोड विनियोजन गरेको छु ।

**सुशासन तथा संस्थागत विकासः**

३७. नगरपालिकालाई नागरिक प्रति जवाफदेहि बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षणजस्ता सूचकहरूको कार्यान्वयनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३८. नगरमा शान्तिसुरक्षा कायम गर्न बजार क्षेत्रमा जडान गरिएको CCTV Camera लाई नियमित रुपमा मर्मत संभार गरी संचालन गरिनेछ ।

३९. इनरुवा नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण भएका संचार माध्यमहरूको क्षमता विकासको गरिनेछ ।

**सूचना प्रविधि तथा अभिलेख व्यवस्थापनः**

४०. नगरको सामाजिक तथा आर्थिक तथ्यांकहरू संकलन र अद्यावधिक गर्न नगरको सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखालाई थप व्यवस्थित बनाउदै लगिनेछ ।

४१. नगरपालिकाको कार्यालय र मातहतका सबै कार्यालयहरुमा साझा र एकीकृत प्रणाली, office automation software को प्रयोगलाई निरन्तरता दिईनेछ ।

४२. GPS तथा म्याट्रिक्स प्रणालीमा आधारित House Numbering गरी घरहरुमा टाँस गर्ने कार्यलाई अन्य वडाहरुमा समेत विस्तार गरिनेछ र घर नम्बरलाई नगरपालिकाले दिने सेवासंग जोडिनेछ।

४३. नगरपालिका र वडा कार्यालयबाट जारी हुने सबै प्रकारका सिफारिसहरू, जेष्ठ नागरिक परिचयपत्र, अपांगता परिचयपत्र आदिलाई डिजिटल माध्यमद्वारा मात्र जारी गर्ने नीति अबलम्बन गरिनेछ ।

४४. घरनक्सा शाखालाई व्यवस्थित गर्न घर नक्सा पास तथा निर्माण कार्य व्यवस्थापन प्रणाली (EBPS) को प्रयोगलाई निरन्तरता दिईनेछ ।

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

४५. विभिन्न समयमा आई पर्ने प्रकोप, महामारी एवम् विपद् व्यवस्थापनको लागि प्रकोप व्यवस्थापन कोषमा र आकस्मिक कोषमा आवश्यक बजेट व्यवस्था गरेको छु ।

४६. विपद पूर्व तयारीका कार्यक्रमहरू गरी नगरमा विपदको जोखिम न्यूनीकरण गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

४७. सुनसरी जिल्लाको चिनारीको रूपमा रहेको पवित्र सुनसरी नदि, कुरुवा खोला र गड्वान खोलाको स्वच्छता एवम् सुन्दरताको लागि यस क्षेत्रमा खटिन इच्छुक सामाजिक अभियान्ताहरूलाई समेत परिचालन गरी निरन्तर सरसफाई गर्नुका साथै जनचेतना अभिवृद्धि गरिनेछ ।

४८. बाढीको जोखिम नियन्त्रणको लागि पानी तथा ढल निकासलाई व्यवस्थित गरिनेछ ।

४९. सबै वडाहरूमा सार्वजनिक जग्गाको पहिचान गरी प्रत्येक वर्ष कम्तिमा १००० वटा फलफुल तथा बोट विरुवा वृक्षारोपण गरिनेछ ।

५०. नगरपालिका क्षेत्रको एकिकृत फोहोर व्यवस्थापन तथा सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारीको व्यवस्था अबलम्वन गरिनेछ ।

५१. अतिक्रमित सार्वजनिक जग्गा छुटयाई संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**विविधः**

५२. इनरुवा नगरपालिकाका सबै नगरवासीहरूले आ.व. २०८२/०८३ को सम्पति कर पौष महिना भित्र तिरेमा लाग्ने करमा १० प्रतिशत छुटको व्यवस्था गरेको छु ।

५३. व्यवसाय कर २०८२ असोज मसान्तसम्म कर तिर्ने व्यवसायीहरूलाई १०% छुटको व्यवस्था गरेको छु ।

५४. महिलाको नाममा नयाँ व्यवसाय दर्ता गरेमा पहिलो पटक लाग्ने राजश्वमा २५% छुटको व्यवस्था गरेको छु ।

५५. नगरपालिका र वडाबाट संचालन हुने सबै योजना तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि सूचकमा आधारित अनुगमन तथा मूल्यांकन गरिने छ ।

५६. सबै व्यवसायीहरूलाई करको दायरामा ल्याउन यथार्थ लगत संगलन गरी नियमित रूपमा अनुगमन गर्नुका साथै लामो समय देखि कर तिर्न बाँकि रहेका व्यवसायीहरूको करमा लाग्ने जरिवाना छुटको व्यवस्था मिलाईने छ । साथै नगरक्षेत्र भित्रका व्यवसायी तथा घर बहालमा दिएका घरधनीहरूसंग लिईदै आएको घर बहाल करलाई प्रभावकारी रूपमा लागू गरिनेछ ।

५७. पूर्व पश्चीम राजमार्गको सडक क्षेत्राधिकार भित्र रहेका अवरोधहरु हटाइनेछ ।

५८. कंशमडान वनक्षेत्रको अतिक्रमण व्यवस्थित गरिनेछ ।

५९. सिमित श्रोत साधनलाई उचित व्यवस्थापन गर्दा गर्दै पनि इनरुवा नगरपालिकाको समग्र विकासको लागि पर्याप्त मात्रमा बजेट नभएको हुँदा संघीय सरकार, प्रदेश

सरकार तथा विभिन्न दातृ निकायहरू संग समन्वय र सहकार्य गरी बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

६०. त्यसैगरी एउटा नगरपालिका हुनका लागि न्युनतम आवश्यकताको रूपमा लिईने सार्वजनिक सभाहल, ढल निकाशको प्रबन्ध, सडक बत्ति, रात्रीकालिन बजारको ब्यबस्था, शहरी हरित पार्क, बहुजातिय संग्रहालय, सार्बजनिक शौचालय, नदी कोरीडोर व्यवस्थापन, बस टेम्पो रिक्शा, अटोरिक्सा जस्ता सार्बजनिक यातायातका साधनको समुचित पार्किङ् ब्यवस्था लगायतका आवश्यक संरचनाहरूको निर्माणलाई क्रमशः विकास गर्दै लगिनेछ ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी नगर सभाबाट स्विकृतिको लागि पेश गरेको छु ।

६१. यसका साथै इनरुवा नगरपालिकाको आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ छलफलका लागि यस गरिमामय सभामा पेश गरेको छु ।

**धन्यवाद**

**विनिता कुमारी मेहता**
**उप प्रमुख**
**मिति २०८२।०३।०९**